**२०७५ साल माघ १५ गते मंगलबार बसेको मन्त्रिपरिषद्को २३ औं बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश नं.५ प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७४ को दोस्रो संशोधन स्वीकृत गर्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** झिमरुक गाउँपालिका, प्यूठानको केन्द्र परिवर्तन सम्बन्धमा सम्बन्धित गाउँपालिकाबाट प्राप्त प्रस्ताव नेपाल सरकार समक्ष पठाउन स्वीकृती प्रदान गर्ने।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** रुरु गाउँपालिकाको नाम र केन्द्र परिवर्तन सम्बन्धमा सम्बन्धित गाउँपालिकाबाट प्राप्त प्रस्ताव नेपाल सरकार समक्ष पठाउन स्वीकृती प्रदान गर्ने।

४. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ को दफा ७ को उपदफा (२) (ट) बमोजिम प्रदेश विकास परिषद्मा प्रदेश सरकारका तर्फबाट मनोनित गर्नुपर्ने २५ जना सदस्यहरु मनोनयन गर्ने।

५. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** "प्रदेश नं. ५, विभूषण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" छलफलका लागि मन्त्रिपरिषद् (प्रशासन तथा विधेयक) समितिमा पठाउने।

६. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** फागुन ३ गते प्रदेश स्थापना दिवस भव्य रुपमा मनाउने, सो दिवस मनाउन माननीय मुख्यमन्त्रीको अध्यक्षतामा मूल समारोह समिति गठन गर्ने र उक्त दिन प्रदेशभर सार्वजनिक विदा दिने।

७. **भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः** "स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७५" स्वीकृत गर्ने।

८. **सामाजिक विकास मन्त्रालयः** व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, दाङ तथा नेपालगञ्ज र रोजगार सूचना केन्द्र, बुटवलको चालू आ.व. २०७५/७६ का लागि अस्थायी दरवन्दी स्वीकृत गरी कार्यरत कर्मचारीहरुको २०७५ साउनदेखि २०७६ असार मसान्तसम्मका लागि म्याद थप गर्न स्वीकृती प्रदान गर्ने।